नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

# उद्योग विभाग

त्रिपुरेश्वर, काठमाडौं
नेपाल ।

मितिः २०८१।०६।२०

विषयः सुचना सम्बन्धमा ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सिंहदरवार, काठमाडौं को प.स. २०८१।०८२ च.नं. ७३ को पत्र बमोजिमको प्राप्त सुचना यसै साथ संलग्न गरीएको व्यहोरा जानकारी गराइन्छ ।

एक्सचेन्जः ४२६११०१, ४२६१२०३, ४२६११६८, ४२६११६९, फ्याक्सः ९७७-१-४२६१११२, इमेलः info@doind.gov.np, वेबसाइटः http://www.doind.gov.np

नेपाल सरकार

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

(औद्योगिक तथा लगानी प्रवर्द्धन महाशाखा)

फोन नं. ४२११५७८
सिंहदरबार, काठमाडौं
नेपाल

प.स. २०८१/०८२
च.नं. 62

मिति: २०८१/०६/२०

श्री उद्योग विभाग,
त्रिपुरेश्वर, काठमाडौं।

विषय: छलफल/निर्णय पठाइएको सम्बन्धमा।

उल्लिखित सम्बन्धमा संघीय संसद, प्रतिनिधि सभा, उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको मिति २०८१/५/२५, बैठक संख्या ४५, छलफल/ निर्णयको छायाँप्रति यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(दुर्गा लम्साल)
शाखा अधिकृत

संघीय संसद

प्रतिनिधि सभा

# उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति

मितिः २०८१/५/१४, बैठक संख्याः ४५

**छलफल/निर्णय**

समितिको आजको बैठकमा तयारी पोशाक निर्यात र हस्तकला क्षेत्रमा रहेका नीतिगत समस्याका सम्बन्धमा श्रीमान् सचिव (वाणिज्य तथा आपूर्ति) तथा निवेदनकर्ता संस्थाका प्रतिनिधिहरूसँग छलफल गरियो। आजको बैठकको छलफलका आधारमा देहाय बमोजिमको निर्णय गरियो:

- तयारी पोशाक निर्यात तथा हस्तकला क्षेत्रमा रहेका नीतिगत तथा समग्र अवस्थाका बारेमा छलफल गर्दा यस सम्बन्धमा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, अर्थ मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, भन्सार विभाग, नेपाल राष्ट्र बैंक, विमा समिति, लगायतका पदाधिकारी सहित आगामी बैठकमा थप छलफल गर्ने,
- समितिको २०८१/४/३ गते बसेको बैठकबाट "चुरोटमा प्रयोग हुने फ्लेवर क्यापसुल तथा ट्याबलेटहरू जस्ता नशालु पदार्थहरूका कारण क्यान्सर जस्तो गम्भिर रोगबाट जनस्वास्थ्यमा असर हुने गरेकोले यस्ता पदार्थहरूको उत्पादन, आयात तथा प्रयोगमा निरुत्साहित गर्न नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिने," बमोजिमको निर्णय भएकोमा उक्त निर्णयबाट नेपालका चुरोट उद्योगहरूले कच्चा पदार्थको रुपमा प्रयोग गर्ने फ्लेबरहरू ल्याउन कठिनाइ भएको र चुरोट उद्योगहरू वन्द हुने अवस्था पुगेको भनी नेपाल पेय पदार्थ तथा चुरोट उद्योग संघको मिति २०८१/४/३० गतेको पत्र प्राप्त भएको छ। यसै गरी, उक्त पत्रमा संलग्न गरिएको भन्सार विभाग, प्रयोगशाला शाखाको पत्र अनुसार Gorkha Lahari Pvt.Ltd., Nepal बाट आयातित Tobacco Flavouring मालवस्तुको नमूना परीक्षण गर्दा उक्त मालवस्तु Propylene Glycol(98% Major Component) मा Vanillin (1.5%), ethyl vallin (0.7%), caramel र न्यून मात्रामा Caffeine मिली बनेको Food Additive पाइएको तथा Tobacco Flavouring भनि घोषित उक्त वस्तुमा भएका घटकहरूको मात्र विश्लेषण गर्दा, उक्त मालवस्तु बासनाका लागि मात्र नभई सुर्तिलाई सुख्खा हुन नदिने, Texture र Color maintain गर्ने र चुरोटका धुँवा राम्रोसँग आउने बनाउने कार्यमा प्रयोग हुने उल्लेख भएकोले चुरोट उत्पादनमा प्रयोग हुने Tobacco Flavouring को आयातमा उक्त निर्णय लागू नहुने भनी सम्बन्धित निकायलाई जानकारी दिने,
- समितिको अर्को बैठक पछि सूचना भएपछि बस्ने गरी आजको बैठक स्थगित गरियो।

प्रतिनिधि सभा उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति २०७५

(रामकुमार पौडेल)
समिति सचिव

(मा. अब्दुल खान)
सभापति